REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 08.06.2025

## Chaten Special Helicopter

राज्य सरकारले विशेष हेलिकप्टर उडानमार्फत उत्तर सिक्किमको मंगन जिल्ला अन्तर्गत छतेनमा अलपत्र परेका 48 जनालाई सकुशल निकालेर पाकिम विमानस्थलमा ल्याएको छ।

उद्धार गरिएकाहरूमा 28 जना अलपत्र परेका नागरिक र 20 जना सैन्य जवान रहेका छन्। 28 जना नागरिकमा स्थानीय बासिन्दा, 3 जना नाबालक, पर्यटक ट्याक्सी चालक र सरकारी अधिकारीहरू समावेश छन्, जो यस क्षेत्रमा जारी अवरोधका कारण अलपत्र परेका थिए।

राज्य सरकारले यस अभियानको लागि एक विशेष हेलिकप्टर सेवा परिचालन गरेको थियो।

दोस्रो उद्धार कार्यले छतेनमा तैनाथ भारतीय सेनाका कर्मचारीहरूका लागि आवश्यक आपूर्तिहरूको ढुवानीसँगै हवाई उद्धार प्रयासलाई निरन्तरता दिएको थियो। फिर्ता हुँदा, MI-17 हेलिकप्टरहरूले २० जना सेनाका जवानहरूलाई पाकिम अवतरण गराएका थिए।

प्रभावित क्षेत्रका सबै नागरिक र पर्यटकहरूको सुरक्षा र कल्याण सुनिश्चित गर्ने प्रतिबद्धता राज्य सरकारले दोहोऱ्याएको छ।

पाकिम आइपुगेपछि उनीहरूले सहयोग पुऱ्याउने सबैप्रति आभार व्यक्त गरेका छन्।

## PDS items Lachen

उत्तर सिक्किमको मंगन जिल्ला अन्तर्गत लाचेनमा जनवितरण प्रणालीअन्तर्गत वितरण गरिने खाद्यवस्तुको भण्डारण यथेष्ठ रहेको मंगनका DCSO –ले बताउनु भएको छ। उहाँले बताए अनुसार विभागले क्षेत्रका मानिसहरूलाई खाद्यसामग्रीको कुनै अभाव नहोस् भनेर समुचित व्यवस्था गरेको छ। चाडै स्थानीयहरूलाई खाद्य सामग्री वितरण गरिने पनि उहाँले जानकारी दिनुभएको छ।

बाइट DCSO.....

## Covid-19

देशमा कोविड 19 का मामिलाहरूले 6 हजार पार गरेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। रिपोर्ट अनुसार अहिले देशमा 6 हजार 133 कोविड 19 का सक्रिय मामिला दर्ता भएका छन् भने बितेको 24 घण्टामा कोविडका कारण 6 जनाको मृत्यु भएको छ।

मन्त्रालय अनुसार सिक्किममा कोविड 19-का 23 वटा सक्रिय मामिला दर्ता भएका छन्। बितेको 24 घण्टामा सिक्किमा कोविड 19 का 7 वटा नयाँ मामिला दर्ता भएका छन्।

## Aakasvani 90 yrs

आकाशवाणीले आज आफ्नो सेवाको 90 वर्ष पूरा गरेको छ। 8 जून, 1936 को दिन भारतीय राजकीय प्रसारण सेवाको नाम परिवर्तन गरेर आकाशवाणी गरिएको थियो। यो दिन देशको सांस्कृतिक, सूचना अनि प्रसारण इतिहासमा एउटा ऐतिहासिक माइलखुट्टी थियो।

## Karate Championship

उत्तराखण्डको देहरादुनमा 12 जूनदेखि 15 जुनसम्म आयोजना हुने चौथो KIO राष्ट्रिय क्याडेट, जुनियर र सब-जुनियर कराँते च्याम्पियनशिप २०२५ मा सिक्किमको प्रतिनिधित्व 35 जना खेलाडीले गर्नेछन्। सिक्किम राज्य कराँते संघले बताए अनुसार खेलाडीहरू भोलि प्रस्थान गर्नेछन्। राज्यको टीममा 19 जना पुरुष र 16 जना महिला रहेका छन्।
आज पाल्जोर स्टेडियम परिसरमा आयोजित एक कार्यक्रममा सिक्किम ओलम्पिक एसोसिएसनका अध्यक्ष कुबेर भण्डारीले खेलाडीहरूलाई शुभकामना दिनुभयो।

## Weather Report

मौसम विज्ञान केन्द्र गान्तोकले जारी गरेको मई महिनाको मौसम प्रतिवेदन अनुसार सिक्किममा बितेको मई महिनामा औसत 369 दशमलव 9 मिलिमिटर वर्षा भएको छ जो सामान्यभन्दा 80 दशमलव 4 मिलिमिटर अर्थात् 28 प्रतिशत अधिक रहेको छ। गान्तोक जिल्लामा सर्वाधिक 513 दशमलव 6 mm, मंगन जिल्लामा 449 दशमलव 7 mm, पाकिम जिल्लामा 264 दशमलव 2 mm, नाम्ची जिल्लामा 219 mm, गेजिङ जिल्लामा 157 दशमलव 2 mm अनि सोरेङ जिल्लामा 86 mm वर्षा रेकर्ड भएको छ। रिपोर्ट अनुसार गान्तोक, पाकिम र मंगन जिल्लामा सामान्यभन्दा अधिक वर्षा भएको छ भने नाम्ची, गेजिङ र सोरेङमा कम वर्षा भएको छ। सोरेङ जिल्लामा सामान्यभन्दा 59 प्रतिशत कम वर्षा दर्ता भएको छ। राजधानी गान्तोकमा 25 दशमलव 5 डिग्री सेल्सियससहित 28 मईको दिन सबैभन्दा गर्मी दिन रेकर्ड गरिएको थियो भने 3 मईको दिन न्यूनतम तापमान 12 दशमलव 3 डिग्री सेल्सियस रेकर्ड गरिएको थियो।
यसैबीच, बितेको 24 घन्टामा गान्तोक तथा वरिपरीको क्षेत्रमा अधिकतम तापमान 25 दशमलव 7 डिग्री सेल्सियस रेकर्ड गरियो भने न्यूनतम तापमान 16 दशमलव 4 डिग्री सेल्सियस रेकर्ड गरियो।